निर्णय:

१) आयोजनाको गुणस्तरीयता अभिवृद्धि तथा दिगोपनाको सुनिश्चितता गरी पूर्वाधार विकास गर्नुपर्ने आवश्यकतालाई महसुस गरी आयोजनाको नियमित मर्मत सम्भारको व्यवस्था गर्नुपर्ने भएकाले आयोजनामा रकम विनियोजन गर्दा नै आयोजना लागतको १०% रकम मर्मत सम्भार कोषमा राख्ने व्यवस्था मिलाइने छ । र सो रकमबाट तत्काल मर्मत सम्भार गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

२) प्राकृतिक प्रकोप तथा अन्य महामारीको सम्भावित जोखिमबाट पर्न सक्ने प्रभावको न्यूनीकरणको लागि विपद् व्यवस्थापन कोष स्थापना गर्नुपर्ने देखिएको छ । सो का लागि न.पा.ले आगामी आ.व.बाट रकम विनियोजन गरी सो कोषमा राख्ने तपशिल बमोजिमको स्रोतबाट जम्मा रकम जम्मा गर्ने निर्णय गरियो ।
तपशिल :

- नगरपालिकाबाट एकमुष्ट रुपमा कोषमा जम्मा गर्ने न्यूनतम ५० लाख
- नक्सापास गर्न लाग्ने शुल्कमा रु. ५००।०० थप गरी प्रति नक्सापासबाट उक्त कोषमा रु. ५००।०० थप गर्ने
- नगरपालिकामा जम्मा भएको नक्सापास दस्तुर मध्यबाट रु. ५००।०० (प्रति नक्सा) कोषमा जम्मा गर्ने व्यवस्था
- देश विदेशमा रहेका व्यक्तिबाट स्वेच्छिक रुपमा प्राप्त हुने सहयोग
- स्वेच्छिक सहयोग, चन्दा तथा अन्य कुनै निकायबाट प्राप्त हुने सहयोग

३) राष्ट्रिय अर्थतन्त्र तथा नेपाली समाजको प्रमुख समस्याको रुपमा रहेको गरिबीलाई न्यूनीकरण गर्न उद्यमशिलता विकास तथा गरिबी न्यूनिकरण कोष स्थापना गर्न आवश्यक देखिएको सन्दर्भमा नगरसभाबाट रकम विनियोजन गरी उद्यमशिलता विकास, गरिबी न्यूनीकरण, शीप विकासका लागि, सहकारी, शिक्षा, पर्यटन क्षेत्रमा क्रियाशिल संघ/संस्थासँगको समन्वय मार्फत उद्यमशिलता विकास गरी गरिबी न्यूनीकरण गर्ने निर्णय गरियो ।

४) प्रशासनिक सेवा तथा विकास निर्माणलाई जनमैत्री तथा जनउत्तरदायी बनाई सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धि गर्नुपर्ने भएको सन्दर्भमा नगरपालिकाबाट सम्पादन हुने प्रशासकीय कामकारवाही र विकास सम्बन्धी क्रियाकलापलाई सुशासनको मान्यता बमोजिम संचालन गर्न भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने निर्णय गरियो ।

५) नगरपालिकाको कार्य सम्पादनलाई प्रभावकारी बनाई सेवा प्रवाहलाई सहज, सरल, पारदर्शी तथा प्रशासकीय क्रियाकलापलाई जनउत्तरदायी बनाउनका लागि तपशिल बमोजिमका विधेयकलाई पारित गर्ने निर्णय गरियो ।
तपशिल :
१. प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक– ०७४
२. आर्थिक कार्यविधिलाई नियमित तथा व्यवस्थित गर्ने विधेयक– ०७४

६) नगरपालिकाभित्र शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न तथा शिक्षामा नागरिक पहुँच अभिवृद्धि गरी स्वच्छ शैक्षिक वातावरण मार्फत गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्न शिक्षा विधेयक, २०७४ पारित गर्ने निर्णय गरियो ।

७) सुव्यवस्थित तथा मापदण्ड अनुसारको भवन निर्माणबाट मात्र आधुनिक सहरको परिकल्पना गर्न सकिने हुन्छ । तसर्थ व्यवस्थित शहरीकरण तथा भवन निर्माणका लागि नगरपालिकाबाट तयार पारिएको नगर यातायात गुरुयोजना (MTMP) अनुमोदन निर्णय गरियो । साथै नगर क्षेत्रभित्र निर्माण गरिने भवनलाई मापदण्ड अनुकुल बनाउने, नक्सापास नगरी गरिने निर्माणलाई कानूनको दायरामा ल्याउने तथा मापदण्ड विपरित संरचनामा शुन्य सहनशीलताको नीति अवलम्बन गर्ने निर्णय गरियो ।

८) नगरपालिकालाई बालमैत्री नगरका रुपमा विकास गर्ने सम्बन्धमा बालश्रम न्यूनीकरण प्रमुख चुनौतीका रुपमा रहेको छ । नगर क्षेत्रभित्र बालश्रममुक्त गर्न **बालश्रममुक्त अभियान** संचालन गरी बालश्रम विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गर्ने निर्णय गरियो ।

९) नेपाली समाजको विकराल समस्याको रुपमा देखिएको महिला हिंसा तथा द्वन्द र विवादका घटना न्यूनीकरणका लागि वडास्तरमा संचालित मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउनु पर्ने तथा नगरपालिकाबाट गरिने न्याय सम्पादनमा महिलाको पहुँचलाई सुनिश्चिता गरी महिला हिंसा न्यूनीकरणका लागि "शिघ्र न्याय सेवा" संचालन गरी यसका लागि न्यायिक समितिको क्षमता अभिवृद्धि तथा पूर्वाधार विकास गर्ने निर्णय गरियो ।

१०) हाम्रो एक्लो प्रयासले मात्र नगरको विकास अपेक्षाकृत हुन नसक्ने हुँदा विभिन्न निकाय, तह तथा संघसंस्थासँगको साझेदारी आवश्यक हुन्छ । तसर्थ अन्य तह तथा नगरपालिकासँग समन्वय अनुभवको आदान प्रदान, साझेदारी मार्फत विकास गर्न अन्तर नगर साझेदारी कार्यक्रम संचालन गर्ने । साझेदारीका क्षेत्र तथा विषयको अध्ययन गर्ने निर्णय गरियो ।

११) टुक्रे विकास र साना आयोजनाबाट मात्र हाम्रो सहृद्धि सम्भव छैन । समग्र नगरको विकास र समृद्ध रत्ननगरको परिकल्पनालाई सार्थक बनाउन **"रत्ननगर समृद्धिका योजना"** कार्यान्वयन गर्ने व्यवस्था मिलाइनु पर्ने हुन्छ । कार्यक्रम/योजना संचालनका लागि सम्भाव्यता अध्ययन तथा लागत अनुमान तयार गरी आगामी नगरसभा बजेट विनियोजन गर्ने व्यवस्था मिलाउनका लागि तपशिल बमोजिमका योजना छनौट गर्ने निर्णय गरियो ।
तपशिल :

- नगर क्षेत्रभित्र प्राविधिक शिक्षालय स्थापना गर्ने
- लौरीघोल ताल/पञ्चकन्या ताल संरक्षण गरी पर्यटकीय केन्द्रका रुपमा विकास गर्ने
- Eco-Park रहेको स्थानमा Cultural Village स्थापना गर्ने
- बकुलहर रत्ननगर अस्पतालको स्तरोन्नती तथा गुणस्तरीयता अभिवृद्धि मार्फत नागरिकको स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्ने
- नविन चोकदेखि शितलचोकसम्मलाई Model बाटोका रुपमा विकास गर्ने (वडा नं. २ र ४)
- कृषि क्षेत्रको प्रवर्द्धनका लागि सहकारीको अवधारणा अनुरुप Cold Store स्थापना तथा संचालन गर्ने
- सौराहाचोकमा रहेका जग्गामा Buspark तथा साना सवारी पार्किङ निर्माण गर्ने
- सौराहा/चित्रसारी पुल पारी पर्यटकीय बसपार्क तथा पर्यटन सूचना केन्द्र स्थापना गर्ने

१२) लक्षित वर्गको सम्बन्धी कार्यक्रमलाई नतिजामुखी रुपमा संचालन गर्ने विशेष व्यवस्था मिलाई उद्यमशिलताको प्रवर्द्धन गर्ने व्यवस्था मिलाउन नगर उप–प्रमुखको संयोकत्वमा सामाजिक, राजनितिक तथा निजी क्षेत्रका प्रतिनिधी समेत रहेको समिति बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

१३) नगरपालिकाबाट संचालन गरिने ठूला योजनाको अनुगमन प्रणालीलाई विशेष प्राथमिकता दिइने छ । आगामी आ.व.बाट रु. ५० लाखभन्दा ठूला आयोजनाको भुक्तानीमा तेश्रो पक्ष मुल्याङ्कनलाई अनिवार्य गरिने छ ।

१४) नगर क्षेत्रभित्र जथाभावी होर्डिङ बोर्ड राखी शहरको सुन्दरतामा प्रतिकुल प्रभाव परेको सन्दर्भमा आगामी आ.व.देखि Digital विज्ञापनलाई प्रोत्साहन गरी क्रमशः होर्डिङ बोर्ड हटाउने व्यवस्था मिलाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

१५) निजी क्षेत्रलाई विकासको साझेदारका रुपमा लिइने सन्दर्भमा तपशिल बमोजिमका योजना निजी क्षेत्रसँगको सहकार्यमा संचालन गर्न पहल गर्ने निर्णय गरियो ।

- पर्यटन प्रवर्द्धनका लागि सौराहा क्षेत्रमा Water Fountain निर्माण

- रमाइलो डाँडामा Gulf Court निर्माण
- नगर क्षेत्रभित्रको फोहोर व्यवस्थापन

१६) नगर क्षेत्रभित्र अत्याधुनिक सभा भवन, रंगशाला तथा कभर्डहल निर्माण गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

१७) विकासमा नागरिक लगानीलाई प्रवर्द्धन गरी सेयर मार्फत लगानी परिचालन गरी नगर क्षेत्रभित्र आधुनिक View Tower निर्माण गरिने छ । यसका लागि लागत अनुमान स्थान छनौट तथा स्रोतका पहिचानका लागि तत्काल कार्यरम्म गर्ने निर्णय गरियो ।

१८) आधुनिक नगरको विकासका लागि "हाम्रो शहर SMART रत्ननगर" अभियान अन्तर्गत पूर्वाधार विकासमा SMART City का अवधारणालाई आत्मसात गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

१९) नगर क्षेत्रभित्र संचालित खानेपानी वितरण प्रणालीलाई प्रभावकारी बनाउनका लागि संचालित योजना तथा उपभोक्ता समितिका बिचमा समन्वय गरिने छ । खानेपानी वितरण तथा व्यवस्थापनका लागि नगरपालिकाले मापदण्ड बनाई लागु गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

२०) नगर प्रहरी श्री हिमाल खड्का र श्री डोलनाथ घिमिरे गरी २(दुई) जनालाई थप सुविधा वापत नगर प्रहरी र नगर प्रहरी हवलदारको बिचको रकम प्रोत्साहनका रुपमा प्रदान गर्ने निर्णय गरियो ।

२१) ड्राइभर श्री राजेन्द्र श्रेष्ठ, श्री उदय बहादुर भुजेल र श्री कुमार सार्की गरी ३(तीन) जनालाई खाजा तथा खाना भत्ता वापत प्रति महिना रु. १५००।०० का दरले उपलब्ध गराउने निर्णय गरियो ।

२२) ढल सफाई वापत ड्राइभर श्री कुमार सार्कीलाई रु. २००।००का दरले उपलब्ध गराउँदै आएकोमा हालबाट रु. ४००।०० (चार सय)का दरले उपलब्ध गराउने निर्णय गरियो ।

२३) यस न.पा.को आ.व. ०७३/०७४ को जिन्सी निरीक्षण प्रतिवेदनमा छलफल गरियो ।

२४) न.पा.को आ.व. ०७३/०७४ को लेखापरीक्षण प्रतिवेदनमा छलफल गरियो ।

२५) अव्यवस्थित बसोवास विकास र जग्गा विकासलाई निरुत्साहित गर्न नगर कार्यपालिकाबाट मापदण्ड बनाए पछि मात्र जग्गा एकिकरण र खण्डिकरण गर्न स्वीकृति दिन तथा सम्बन्धित निकायमा सिफारिस गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२६) योजना संचालनबाट कट्टा/जम्मा हुन आएको कन्टेनजेन्सी रकमलाई कर्मचारी व्यवस्थापन (वडा कार्यालयमा समेत), अनुगमन, फिल्ड भत्ता, बैंठक, लजष्टिक सामाग्री खरिद लगायत शीर्षकमा स्वीकृत नर्मस अनुसार खर्च गर्ने निर्णय गरियो ।

२७) नगरपालिकाको खर्च तथा आम्दानीको विषयमा छलफल गरियो ।

२८) योजना संचालनमा लागत साझेदारीलाई ४० प्रतिशत कायम गरिएकोमा न्यूनतम २० प्रतिशत कायम गर्ने निर्णय गरियो ।

२९) नगरपालिकाबाट तालिम तथा गोष्ठी संचालनका लागि तपशिल बमोजिमको कार्यक्रम नर्मस स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल:

| सि.नं. | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | स्टेशनरी | १०० | प्रति व्यक्ति |
| २. | हलभाडा | १०००० | प्रति दिन |
| ३. | श्रोत व्याक्ति | २००० | स्थानिय तह ( प्रति कक्षा) |
| | | ४००० | केन्द्रिय विशेषज्ञ ( प्रति कक्षा) |
| ४. | सहभागी खाजा | २५० | प्रति व्यक्ति |
| ५. | सहभागी खाना | ५०० | प्रति व्यक्ति |
| ६. | कार्यक्रम संयोजक | ३००० | |
| ७. | सहभागी यतायत खर्च | ५०० | प्रति दिन |
| ८. | श्रोत व्यक्ति कार्यपत्र | २००० | केन्द्रिय विशेषज्ञ |
| | | १००० | स्थानिय तह |
| ९. | सहजिकरण | १००० | |
| १०. | कर्मचारी सहयोगी | ६०० | प्रति दिन |
| ११. | कार्यालय सहयोगी | ४०० | प्रति दिन |
| १२. | प्रतिवेदन लेखन तथा मुल्याङ्कन | ३००० | |
| १३. | विविध खर्च | १०% | जम्मा खर्चको |
| १४. | उदधाटन तथा समापन | २०००० | |

- विहान ८ वजे बाट ५ बजे सम्मको कार्यक्रममा ५ वटा कक्षा हुनेछ।
- यो निर्देशिका स्थानिय तहको आन्तरीक स्रोत बाट विनियोजित वजेटमा मात्र लागु हुनेछ।

३०) वडा कार्यालयबाट कार्यक्रम संशोधनका लागि पेश भएकोमा पूर्ववत् रुपमा विनियोजित रकम नबढ्ने गरी वडा कार्यालयबाट पेश भई पूर्वाधार समितिबाट निर्णय भई पेश हुन आएका अनुसूचीमा संलग्न हुन आएका योजनामा रकमान्तर गरी योजना संचालन गर्ने निर्णय गरियो ।

३१) रत्ननगर नगरपालिका नगरपालिकाको पहिलो नगरसभाबाट स्वीकृत भएका तर कार्यान्वयनको क्रममा कठिनाई उत्पन्न भएका तथा नयाँ करको दायरामा ल्याउन अति आवश्यक भएकोले राजश्व परामर्श समितिकको बैंठकबाट निर्णय भै आए बमोजिम लागु गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | करका शिर्षक | प्रस्तावित वार्षिक दर रेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | सर्जमिन दस्तुर | | |
| | क) व्यक्ति प्रमाणित सर्जमिन | ५००।– | |
| | ख) पशु विमाको लागि ,, | ५००।– | |
| | ग) कृषि/कृषक प्रमाणितको लागि सर्जमिन | ५००।– | |
| | घ) घटना दर्ता संशोधनको लागि सर्जमिन | ५००।– | |

**प्रजनन् सेवा/कृतिम गर्भाधान**

- गाई, भैसी, बाखा प्रति गोटा रु. २५।–
- गर्भ परिक्षण " रु. ५०।–

**पशु पंक्षिको फर्म दर्ता**

- गाई, भैसीं लगानीको आधारमा प्रति लाख वार्षिक रु.२००।–
- बाखा, भेडा बंगुर " " " " रु.३००।–

**घर नक्सापास गर्दा लाग्ने शुल्क**

शुल्क सम्बन्धमा

१) भवन अभिलेखीकरण शुल्क नगर सभाले तोके अनुसारको देहाय बमोजिम हुने छ ।

२) भुकम्प पिडितले घर नक्सापास गर्दा लाग्ने दस्तुर पुरै मिनाहा हुने छ ।

**आवसिय घरको अभिलेखिकरण शुल्क र प्रमाण पत्र दस्तुर**

(क) १५०० वर्ग फिट सम्मको प्लिन्थ एरिया भएका घरको शुल्क प्रति वर्ग फिट रु. १८/- र प्रमाण पत्र दस्तुर रु २०००/- लाग्ने छ ।

(ख) १५०० देखि ३००० वर्ग फिट सम्म भएको घरको प्रति वर्ग फिट रु १९/- र प्रमाण पत्र दस्तुर रु २०००/-

(ग) ३००० देखि माथि वर्ग फिट सम्मको प्रति वर्ग फिट रु २०/- प्रमाण पत्र दस्तुर रु २०००/-

**व्यपारिक घरको अभिलेखिकरणको शुल्क र दस्तुर**

(क) १५०० वर्ग फिट सम्मको प्लिन्थ एरिया भएको घरको शुल्क प्रति वर्ग फिट रु २०/- र प्रमाण पत्र दस्तुर रु २५००/- लाग्ने छ ।

(ख) १५०० देखि ३००० वर्ग फिट सम्म भएको घरको प्रति वर्ग फिट रु २१/- र प्रमाण पत्र दस्तुर रु २५००/-

(ग) ३००० देखि माथि वर्ग फिट सम्मको प्रति वर्ग फिट रु २२/- प्रमाण पत्र दस्तुर रु २५००/-

२) साविक पिठुवा र बछौली गा.वि.स. हुदा निर्माण भएका भवनहरुको सुचिकृत हुने समय यहि फाल्गुन १५ देखि जेठ १५ सम्म रहने साथै सुचिकृत दस्तुर न.पा.को आ.व.०७४/०७५ को नगर सभाले तोके बमोजिमको हुनेछ ।

**व्यपारिक भवन आर.सि.सि.फ्रेम बनावट**

| | |
|---|---|
| • १००० वर्ग फिट भन्दा वढि प्रति वर्ग फिट | १००० वर्ग फिट भन्दा कम प्रति वर्ग फिट |
| • भुई तल्ला रु ८/- | भुई तल्ला रु ७/- |
| • प्रथम तल्ला रु ९/- | प्रथम तल्ला रु ८/- |
| • दोस्रो वा सो भन्दा माथि रु १०/- | दोस्रो वा सो भन्दा माथि रु ९/- |

**आवसिय भवनको आर.सि.सि.फ्रेम बनावट**

| | |
|---|---|
| • १००० वर्ग फिट भन्दा वढि प्रति वर्ग फिट | १००० वर्ग फिट भन्दा कम प्रति वर्ग फिट |
| • भुई तल्ला रु ७/- | भुई तल्ला रु ६/- |
| • प्रथम तल्ला रु ८/- | प्रथम तल्ला रु ७/- |
| • दोस्रो वा सो भन्दा माथि रु ९/- | दोस्रो वा सो भन्दा माथि रु ८/- |

३) निर्माण सम्पन्न अभिलेखिकरण दस्तुर देहाय बमोजिम हुने छ । (निर्माण सम्पन्न प्रमाण पत्र र समयमा नलिएका हकमा )

**आवसिय घरको**

(क) १५०० वर्ग फिट सम्मको घरको रु. २०००/-

(ख) १५०० देखि ३००० वर्ग फिट सम्मको घरको रु. ३०००/-

(ग) ३००० भन्दा माथि वर्ग फिट सम्मको घरको रु. ३५००/-

**व्यापारिक घरको**

(क) १५०० वर्ग फिट सम्मको घरको रु. २५००/-

(ख) १५०० देखि ३००० वर्ग फिट सम्मको घरको रु. ३०००/-

(ग) ३००० भन्दा माथि वर्ग फिट सम्मको घरको रु. ३५००/-

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल २०७२

४) नक्सा पासको लागि निवेदन पेश गरेको तर कुनै पनि इजाजत पत्र नलिई निर्माण गरेका भवनको हकमा विलम्व शुल्क रु ५०००/- (नक्सापास प्रक्रियामा गएका हकमा र निर्माण कार्य सम्पन्न गरिसकेका) र जरिवाना घर धनी र कन्सल्टेन्सी दुवै पक्ष जिम्मेवारी लिनु पर्ने)

५) निर्माण भैसकेको जस्ता छाना

(क) आवसीय घरको हकमा ०७४/०७५ को नगर परिषदले तोकेको दररेटमा थप १०० प्रतिशत विलम्व शुल्क लाग्ने छ।

(ख) व्यापारिक घरको हकमा (कुखुराको खोर समेत)

| | |
|---|---|
| १) १५०० वर्ग फिट सम्मको घरको | रु. ८/- |
| २) १५०० देखि ३००० वर्ग फिट सम्मको घरको | रु. ९/- |
| ३) ३००० भन्दा माथि वर्ग फिट सम्मको घरको | रु. १०/- |

यस न.पा. भित्र विभिन्न संघ संस्थाले लिदै आएको व्यवसाय करमा २% का दरले थप कर लिने व्यवस्था गर्ने।

**शिक्षा तर्फ :**

क) यस नगरपालिकामा सञ्चालनमा रहेका विद्यालयहरुबाट अन्तर स्थानीय निकायमा सरुवा सिफारिस लिन आउँदा :

- आधारभूत तह (१–५) : रु. ५००।००
- आधारभूत तह (१–८) : रु. ७००।००
- माध्यमिक तह (१–१०) : रु. १,०००।००

ख) नयाँ स्थापना हुने, तह थप हुने वा कक्षा थप गर्दा तपशिलमा उल्लेखित राजश्व जम्मा गर्नुपर्ने छ ।

| क.सं. | स्थानको नाम | आधारभूत (१–५) | आधारभूत (१–८) | माध्यमिक (९–१२) | कैफियत |
|---|---|---|---|---|---|
| १ | संस्थागत विद्यालय नयाँ | १०,०००।०० | १५,०००।०० | २०,०००।०० | |
| २ | संस्थागत विद्यालय तह थप | १०,०००।०० | १५,०००।०० | २०,०००।०० | |
| ३ | संस्थागत विद्यालय कक्षा थप | ५,०००।०० | ७,०००।०० | १०,०००।०० | |
| ४ | सामुदायिक विद्यालय तह थप | ०।०० | ०।०० | ५,०००।०० | |
| ५ | सामुदायिक विद्यालय कक्षा थप | ०।०० | ०।०० | १,०००।०० | |

ग) करार शिक्षक नियुक्ति अभिलेखको लागि :

- आधारभूत तह (१–५) : रु. १,५००।००
- आधारभूत तह (१–८) : रु. २,०००।००
- माध्यमिक तह (१–१०) : रु. ३,०००।००

३२) विकासका लागि तपशिल बमोजिमका योजना संचालनाका लागि संघीय सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।

- बेल्सीदेखि बुढी राप्ति पुलसम्म कालोपत्रे निर्माण।
- लौरी घोललाई पर्यटकीय स्थलको रुपमा विकास।
- रत्ननगर अस्पताल रोडको बाटो चौडा तथा दुवै तर्फ पक्की ढल निर्माण
- शान्तिचोकदेखि (वडा नं. ३, ४ र १४ को सिमाना) सम्मको बाटो चौडा तथा बाटोको दुवै तर्फ ढल निर्माण
- टाँडी चोकदेखि खैरहनी न.पा.को सिमानासम्म ४(चार) लेनको राजमार्ग निर्माण
- क्याम्पस रोड/विद्युत् रोड/बेल्सी चोकदेखि हाजिपुरसम्म सडक चौडा तथा पक्की नाला निर्माण
- रत्ननगर न.पा.को बेल्सी, हाजिपुर, बन्सी क्षेत्रको उर्वर भुमिको उत्पादन बढाउन बेल्सी हाजिपुर सिंचाई जल उपभोक्ता समितिको स्वामित्वमा भएका मूल नहर तथा शाखा कुलोहरुलाई पक्की तथा नहर निरन्तरको लागि बजेट विनियोजन गर्ने
- कयर खोला तथा बुढी राप्तिमा तटबन्धन तथा सो तटबन्धनको छेउमा दुवै तर्फ बाटो निर्माण
- बन्सी घाटमा पक्की पुल निर्माण